म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ४९ | सोमबार ३१ भदौ २०८१ | ने. सं. ११४४ ञलाथ्व | 16 September 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

PEAK GRAND OPENING ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोवाइल नम्बर ९८५५०७०१५६

# बेमौसमी तरकारी उत्पादनमा पहिचान बनाएको थाहा, कृषिमा लगानी बढाइँदै

## एकै वर्ष ४ हजार बढी किसानलाई अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ त्रिभुवन राजपथ संचालनमा आएपछि दामनपालुङ उपत्यकामा कृषि उत्पादनलाई बजारीकरण गर्न सहज भएको थियो । तर, परम्परागत खेतीबाट उत्पादित खाद्यबस्तु निर्यात गर्न पुग्ने अवस्था भने थिएन ।

२०५० सालको बाढीले ध्वस्त पारेको दामनपालुङ उपत्यकाको जनजीवन त्यतिबेला परिवर्तन भयो जतिबेला उनीहरुले परम्परागत खेतीबालीलाई बिस्थापन गरी बेमौसमी तरकारीमा आकर्षित हुँदै गए । ५० को दसकपछिका दिनमा दामनपालुङ उपत्यकामा धान रोप्ने खेतमा आलु, काउली, बन्दा, मुला, सिमी, खुर्सानी लहलहाउन थालेपछि किसानले धान रोप्न छोडेका थिए । मार्सी धान (हाल जुम्लामा खेती गरिन्छ) फल्ने खेतमा दामन पालुङबासीले बेमौसमी तरकारी फलाउन थालेपछि आम्दानीको स्रोत बृद्धि हुँदै गयो ।

मुलुक संघीय संरचनामा गएपछि किसानलाई आवश्यक पर्ने प्राबिधिक सहयोग मात्र नभई मल, बीउबिजन, अत्याधुनिक प्रबिधिका मेशिरीमा पनि स्थानीय सरकारको सहयोग भएपछि किसानलाई पनि उत्साह थपियो । नगरपालिका घोषणा हुनुपूर्व दामनपालुङ संयुक्त आर्थिक विकास समितिले तरकारी निर्यातमा कर उठाउने गरेको थियो । नगरपालिका घोषणा भएपछि थप ब्यवस्थित बन्दै गएको स्थानीय बताउँछन् । थाहा नगरपालिकाले कृषिमा क्रान्ति गर्ने भन्दै किसानमैत्री कार्यक्रम संचालन गर्दै आएको छ ।

नगरपालिकाले संघ, प्रदेश तथा विभिन्न परियोजनाको सहकार्यमा किसान केन्द्रित कार्यक्रम सञ्चालन गर्दै आएको पूर्वनगरप्रमुख लवशेर बिष्ट बताउँछन् । किसानलाई प्रबिधि र मेशिनरीमा अपनत्व महशुस गराउनका लागि नगरले लागत सहभागितामा आधारित अनुदान प्रदान गर्ने नीति अवलम्बन गरेको पूर्वनगरप्रमुख बिष्ट बताउँछन् । लागत सहभागितमा आधारित अनुदान नगरपालिकाले वर्षेनी बढाउँदै गएको छ । नगरपालिकाले गरेको आर्थिक वर्ष २०८०/८१ को तथ्यांक अनुसार कृषि क्षेत्रमा वर्षेनी बजेट वृद्धि भएको देखिन्छ ।



नगरपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा १२ वटै वडाको कुल ४ हजार १ सय ४ किसान परिवारलाई विभिन्न किसिमको अनुदान वितरण गरेको तथ्यांक छ । यो तथ्यांक गत आर्थिक वर्षको भन्दा १ हजार ३२ परिवार बढी हो । आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले सबै वडाका कुल ३ हजार ७२ किसान परिवार कृषि अनुदानको लाभग्राही भएको कृषिअधिकृत प्रदीप गुरुङले जानकारी दिए । वि.सं. २०७८ को तथ्यांक अनुसार नगर पालिकाको कुल ९ हजार ७ सय ४९ परिवारमध्ये ७८ प्रतिशत किसान छन् । थाहाले आर्थिक वर्ष २०७९/८० मा १ सय ६७ परिवारलाई ईएम झोल मल नि:शुल्क वितरण गरेको छ ।

थाहानगरको कृषि विकास शाखाप्रमुख संजय तिवारीका अनुसार सिल्पोलिन टनेल प्लाष्टिक वितरण ९० जिएसएमको ७२ वर्गमीटरको ५० प्रतिशत अनुदानमा १ सय १ परिवारलाई वितरण गरियो । आर्थिक वर्ष २००/८१ मा १ सय ६० परिवारलाई वितरण गरियो । ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक ३ सय किसान परिवारलाई वितरण गरियो । आर्थिक वर्ष २०८०/८१ मा २ सय ४० परिवारलाई बढाउँदै ५ सय ४० परिवारलाई वितरण गरिएको छ ।

१६ लिटरको स्प्रेयर डियुल टुइनवान पम्म ५० प्रतिशत अनुदानमा २ सय १६ परिवारलाई वितरण गरिएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३ सय २३ परिवार लाई वितरण गरिएको शाखा प्रमुख तिवारीले जानकारी दिए । नमुना टनेल र थोपा सिंचाइसहित ५० प्रतिशत अनुदानमा ५ सय वर्गमिटरको टनेल आर्थिक वर्ष २०७९/८० मा ५४ परिवारलाई वितरण गरेको थियो । नमुना टनेल र थोपा सिंचाइसहित ५० प्रतिशत अनुदानमा १ हजार वर्गमिटरको टनेल आर्थिक वर्ष २०७९/८० मा १८ परिवारलाई वितरण गरिएको थियो ।

थाहानगरको कृषि विकास शाखाले ५० प्रतिशत अनुदानमा तरकारी नर्सरी स्थापनाका लागि आर्थिक वर्ष २०७९/८० मा २ वटा नर्सरीलाई अनुदान दिएको छ । कृषि यान्त्रिकरणतर्फ दुई आर्थिक वर्षमा ३ सय ७५ वटा मिनी टिलर (ट्याक्टर) वितरण गरेको छ । कृषि विकास शाखा तथा संघ प्रदेश र विभिन्न परियोजनाको समेत आर्थिक वर्ष २०७९/८० मा १ सय २३ वटा मिनीटिलर वितरण गरेको पालिकाले आर्थिक वर्ष २०८०/८१ मा २ सय ५२ वटा वितरण गरेको छ ।

कृषि शाखाले ७५ प्रतिशत अनुदानमा बायोटिन कृषिचुन आर्थिक वर्ष २०७९/८० मा २ सय ६ परिवारलाई वितरण गरेकोमा आर्थिक वर्ष २००/८१ मा ६ सय ६५ परिवारलाई वितरण गरेको छ । धान र मकैको उन्नत तथा हाइब्रिड बीउमा नगरपालिकाले ५० प्रतिशत अनुदान दिएको छ । बीउ आर्थिक वर्ष २०७९/८० मा ५ सय २५ परिवारलाई वितरण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा १ हजार ३३ परिवारलाई वितरण गरेको छ ।

त्यसैगरी ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे फलफूलको विरुवा दुई आर्थिक वर्षमा २ सय ७० परिवारलाई वितरण गरेको छ । आकस्मिक बालीसंरक्षण सेवाअन्तर्गत नि:शुल्क बिषादि २ हजार ७ परिवारलाई वितरण गरिएको कृषि शाखाप्रमुख तिवारीले जानकारी दिए ।

किसानको माग अनुसार नै कार्यक्रम संचालन भइरहेको थाहा नगरप्रमुख बिष्णु बिष्ट बताउँछन् । थाहानगरलाई बेमौसमी तरकारी उत्पादनसँगै पर्यापर्यटन प्रबर्द्धन गर्ने कार्यक्रमका लागि पनि नगरपालिकाले काम गरिरहेको नगरप्रमुख बिष्टले जानकारी दिएका छन् ।

# महाकाव्यकार अर्याललाई 'महालक्ष्मी साहित्य पुरस्कार'

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ मातृभूमि साहित्य समाज मकवानपुर र महालक्ष्मी विकास बैंकको संयुक्त रुपमा प्रदान गरिने महालक्ष्मी साहित्य पुरस्कार, २०८० बाट मकवानपुरकी महाकाव्यकार मुना अर्याललाई प्रदान गरिने भएको छ ।

आइतबार समाज र बैंकले संयुक्त पत्रकार सम्मेलन गर्दै पुरस्कारबारे जानकारी गराएको हो । २०५६ सालमा स्थापना भएको समाजले २०५९ सालमा यती फाइनान्स साहित्य पुरस्कारको स्थापना भएको हो । पछि २०७४ को १५ औं श्रृंखलादेखि पुरस्कारको नाम महालक्ष्मी साहित्य पुरस्कार भएको हो । यसवर्ष पुरस्कार अर्याललाई प्रदान गरिने समाजका अध्यक्ष कृष्णप्रसाद दाहालले बताए । पुरस्कारको राशी ५१ हजार रहेको जनाइएको छ ।



त्यस्तै, समाजसेवी ईश्वर मैनालीले आफ्नो बुबाको स्मृतिमा स्थापित केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार २०८० बाट हेटौंडा सन्देश दैनिकका सम्पादक माधवप्रसाद न्यौपानेलाई प्रदान गरिने भएको छ । यो पुरस्कारका राशी भने नगद १० हजार रहेको अध्यक्ष दाहालले बताए । सोही अवसरमा मकवानपुरश्री सम्मानबाट मकवानपुरका अग्रज शिक्षाप्रेमी बद्रीनाथ शर्मा अर्याललाई प्रदान गरिने भएको छ ।

सम्मान तथा पुरस्कार समर्पण असोज ५ गते शनिबार हेटौंडामा हुने जनाइएको छ । पत्रकार सम्मेलनमा समाजका प्रमुख संरक्षक मुक्तिगोविन्द वैद्य, संस्थापक अध्यक्ष ह्यग्रीव आचार्य, समाजका अध्यक्ष दाहाल, वैंकका शाखा प्रवन्धक अनन्तराज धिताल, समाजका पदाधिकारी, पत्रकार महासंघका कार्यबाहक अध्यक्ष ध्रुव अधिकारी लगायत सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

# घरेलु तथा साना उद्योग संघमा पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ घरेलु तथा साना उद्योग संघ मकवानपुरको साधारणसभा तथा महिलाउद्यमी समिति मकवानपुरको जिल्ला अधिवेशन सम्पन्न भएको छ ।

संघको २९ औं वार्षिक साधारणसभा तथा महिलाउद्यमी समितिको नवौं जिल्ला अधिवेशन एकैदिन सम्पन्न भएको हो । बागमती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री शुकमाया तामाङले उद्घाटन गरेको साधारण सभाबाट तीनवर्षे कार्यकालका लागि कुमार पौडेललेको अध्यक्षतामा नयाँ कार्यससमिति चयन गरिएको छ । पौडेल यसअघि संघको महासचिव थिए । संघको वरिष्ठ उपाध्यक्षमा रामहरि तिमल्सिना, उपाध्यक्षमा गीता मैनाली, महासचिवमा शिवप्रसाद खतिवडा (राजु), कोषाध्यक्षमा कृष्णप्रसाद अर्याल र सचिवमा गंगा पौडेल चयन भएका छन् ।

यसैगरी, संघको सदस्यहरुमा क्रमश: दुर्गा घिमिरे, रन्जिता दाहाल, विष्णुकुमार नेपाल, टीकाबहादुर खड्का, पुरुषोत्तम पौडेल चयन भएका छन् । यस्तै, महिला उद्यमी समितिको अध्यक्षमा चन्द्रावती पनेरु, उपाध्यक्षमा दीपा शिवभक्ती, सचिवमा अस्मिता भुषाल, सह-सचिवमा आशाकुमारी अधिकारी, कोषाध्यक्षमा मिठुकुमारी अधिकारी चयन भएका छन् । सदस्यहरुमा क्रमश: केशरी दाहाल, उर्मिला अधिकारी, जुना मल्ल, सम्झना सिटौला, देवी पौडेल चयन भएका छन् ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'एक आमा, एक अभिभावक' अभियान

असहाय ज्येष्ठनागरिकको सेवागर्ने उद्देश्यले मकवानपुरको मनहरी गाउँपालिका-८ मा निर्मित आमाघर आश्रमले 'एक आमा, एक अभिभावक' अभियान अन्तरगत एक आमाको मासिकरुपमा लाग्ने सेवाखर्च योगदान गरी सम्मानित अभिभावक बन्न सकिने प्रावधान राखेको जानकारी दिएको छ । झट्ट सुन्दा यो सामान्य कुरा लाग्न सक्छ तर, यो सामान्य कुरा भने पटक्कै होइन । आमाको सेवा गर्ने अवसर भनेको सबैभन्दा राम्रो अवसर हो । आश्रमले मासिक भान्छा सहयोगी सदस्यता ग्रहणगरी आफ्नो इच्छा कटौती गरी मासिकरुपमा इच्छाअनुसारको नगद वा जिन्सी सामग्री सहयोग गर्न सकिने बताएको छ । माता-पिताको स्मृतिमा अक्षयकोष श्रीवृद्धिका लागि स्वइच्छाले रकम जम्मा गर्न सकिने बताइएको छ । आश्रमको भौतिक निर्माणको काम जारी रहेको छ । विभिन्न तहका सरकार, दातृनिकायको सहयोगमा करिब ८ करोड खर्चिएर आश्रमको भवन निर्माण भएसँगै अब आश्रमले पूर्णक्षमतामा असहायको सेवागर्न सक्षम बनेको हो । ब्रम्हकुमारी राजयोग उपसेवाकेन्द्र मनहरीको व्यवस्थापनमा सञ्चालित आमाघरमा एकसय जनासम्म असहाय नागरिकलाई नि:शुल्क सेवादिन सक्षम बनेको शनिबार पत्रकारसँगको भेटमा आश्रमले जनाएको छ । २०७४ सालदेखि निर्माण सुरु भएको आश्रममा ३० वटा सुविधासम्पन कोठाहरु निर्माण गरिएको छ भने साढे तीनसय जना अट्ने सभाहल, म्युजियम, ध्यानकक्ष, पुस्तकालय, बाबाकक्ष स्थापना गरिएको छ ।

आश्रमको भवन ३ कठ्ठा जग्गामा फैलिएको छ भने आश्रमसँगै १२ बिगाहा जग्गामा पिसपार्क निर्माण भएको छ । पार्कको डिपिआरअनुसारका अन्य संरचना तयार गर्ने काम भइरहेको छ । अध्यात्मिक चिन्तनमार्फत् मानिसलाई खुशी र सुखी बनाउन आमाघर तल्लीन रहेको आश्रमले कोही ज्येष्ठनागरिक सहाराबिहीन भएको पाइएमा आफूहरु उहाँहरुलाई सेवा गर्न तयार रहेको जनाएको छ । असहायलाई रेखदेख र लालनपालनका अतिरिक्त आमाबुबाको महत्वबारे बालबालिकामा बुझाउने कार्यक्रमहरु आगामी दिनमा राखिने योजना छ । आश्रममा हाल ९ जना आमा, ७ जना बुबा र ४ जना भाइले सेवा लिइरहेका छन् । पत्रकारसँगको अन्तरक्रियामा आमाघर आश्रममा पालिकाका साथै संघ र प्रदेश सरकारलेसमेत लगानी गरिरहेको र आगामी दिनमा पिसपार्कको संरचना थप गर्न स्थानीय सरकारले काम गर्ने बताइएको छ । आमाघर आश्रम र पिसपार्कले मनहरीको पहिचान सशक्त बनाउन सहयोग पुगेको विषयमा स्थानीय पनि निकै खुशी भएका छन् । भवन निर्माण सम्पन्न भएपछि आश्रममा आवासीयरुपमा आमाहरुलाई सेवाप्रदान गर्ने कार्यको थालनी भइसकेको छ । आश्रममा आवासीय सेवा लिइरहेका सबै नि:शुल्क बसिरहेका छन् । शुल्क तिरेर बस्न चाहनेलाई पनि आश्रमले आश्रयको ब्यवस्थापन गर्ने तयारी गरिएको छ । २५ वटा कोठा रहेको भवनमा एउटा कोठामा ३ वटा बेड राखिएको छ । भवन निर्माणका लागि स्वेच्छिक चन्दा संकलन गरिएको थियो । आश्रम संचालनका ४ सय भन्दा बढीको आजीवन सदस्य बनाइएको छ ।

भवनसँगैको एक कठ्ठा जमिन केन्द्रले खरिद गरेको छ । केन्द्रले सिमपानी देवकोटा सामुदायिक वनसँगको सहकार्यमा १२ बिघा क्षेत्रफलमा पार्क निर्माण गरेको हो । यहाँ एउटा पोखरी निर्माण गरिएको छ । छिट्टै ढुंगा चलाउने तयारी भइरहेको बताइएको छ । यस पार्कको सम्पूर्ण निर्माणको काम अन्तिम चरणमा छ । यो एउटा परोपकारी संस्था भएकाले यसका क्रियाकलाप मूलत: व्यक्ति वा समूहबाट हुने दानबाट नै संचालन हुन्छ । देशविदेशमा रहेका परोपकारी, सहयोगी हातबाट बिनासर्त प्राप्त हुने नगद वा जिन्सी स्वीकार गर्ने संस्थाको नीति रहेको छ । यो अभियानमा सदिच्छा राख्ने शुभचिन्तकहरुको स्वइच्छाको सेवा र योगदानबाट आश्रमको बिबिध क्रियाकलाप संचालन हुने केन्द्रले जनाएको छ । तिनै तहका सरकारबाट प्राप्त हुने अनुदान रकम र अन्य सहयोग पनि स्वीकार गरेर आश्रम संचालन गरिने बताइएको छ । पितृहरुको वार्षिकपुण्यतिथि, संस्थाको वार्षिकोत्सव, पदोन्नती, पर्व, जन्मदिन वा मातृत्वप्रेमले गराउने भोजनसेवा, खाजासेवाका लागि सप्रेम प्राप्त हुने नगद वा जिन्सी सहयोगबाट पनि यो आश्रम संचालन हुनेछ । यो अभियान सफल बनाउन भोजनसेवा, नगद र जिन्सी सहयोग उपलब्ध गराउन सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १ गते मंगलबार १७ सेप्टेम्बर २०२४ । चतुर्दशी, भाद्र शुक्लपक्ष । नलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:०४ । इन्द्रजात्रा । विश्वकर्मा पूजा । वास्तु दिवस । राष्ट्रिय विज्ञान दिवस । आश्विन संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# जनविद्रोहको धमास : राजनीतिक नकच्चच्याइँ



✍ गोविन्द अधिकारी

मौसम बदलिने बेला भयो । राजनीतिकर्मीजस्तो प्रकृतिले हेलचेक्र्याइँ गर्दैन । प्रकृति नकच्चरो त झन् पटक्कै हुँदैन । मौसम न नेपालको राजनीतिजस्तो अविश्वसनीय छ न त राजनीतिक दलका नेताहरूजस्तो नकच्चरो नै छ । मौसमको भविष्यवाणी त अचेल मिल्न पनि थालेको छ । नेपालका नेताहरूले सत्ता गठबन्धन मौसमभन्दा बढी बदल्ने गर्छन् । 'जोगी हुन राजनीति गरेको होइन' भन्नेहरूकै बाहुल्य छ नि त नेपालको राजनीतिमा ! यसैले सत्ताको लागि उचित अनुचित चलखेल भइरहनु के अनौठो भयो र ? अर्को बजेट अधिवेशन सुरु नहुँदै सरकार फेरि बदलिए पनि आश्चर्य नमाने हुन्छ ।

यस्तै भए पनि नेताहरूको तेवरमा भने आश्चर्यजनक उतारचडाव देखिने गरेको छ । सरकार छाड्नुपरेको भोलिपल्टै देखि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले देशमा बङ्गलादेशकै जस्तो 'जनविद्रोह'को जोखिम र खाँचो देख्न थालेका छन् । मानौं, नेपाली जनता कहिले दाहालले सरकार छाड्लान् र जनविद्रोह थालौं भनेर प्रतीक्षारत छन् !

जनतामा उकुसमुकुस छ । अहिलेको सरकार जनतालाई मनपरेको छैन भन्नुको अर्थ दाहाल चाहिँ जनताका 'आँखाका नानी' हुन् भन्ने त पक्कै होइन । समसामयिक विषयमा भरपर्दो जनमत सङ्कलन गर्ने हाम्रो चलन छैन । त्यसैले दाहालका पालामा जनता बढी असन्तुष्ट थिए कि अहिले बढी रिसाएका छन् भन्ने यथार्थ थाहा पनि छैन । यत्ति थाहा छ, पुष्पकमल दाहाल, खड्गप्रसाद ओली वा शेरबहादुर देउवा कसैलाई पनि अहिले बहुसंख्यक नेपाली जनताले रुचाउँदैनन् ।

यस्तै यीमध्ये कसैले चाहेर नेपालमा बङ्लादेशको जस्तो 'विप्लव' हुँदैन । हुनु पनि हुँदैन । नेपालको अवस्था बङ्गलादेशको जस्तो छँदा पनि छैन । नेपालको शासन कुनै एक जनाका कारण बिग्रेको होइन । न त एकाध वर्षमै बिग्रेको हो । यस्तै, नेपालको निर्वाचनमा कुनै समूहलाई बहिष्कारका लागि वाध्य पारिएको पनि छैन । यसैले जनविद्रोहबाट सत्ता पल्टेला र तर मारौँला भन्ने सपना कसैले नदेखे हुन्छ । नेपाल बङ्गलादेश बन्छ, बनाउँछौं वा बनाउनुपर्छ भन्नेहरू बकबक गरेरै चित्त बुझाइरहुन् ।

अहिले पुष्पकमल दाहालले गैरजिम्मेवार अभिव्यक्ति दिइरहेका छन् । ओली वा देउवा सत्ताबाहिर भएका भए उनीअरूको बोली पनि दाहालको भन्दा खासै फरक हुने थिएन । यी सबै पहिलो दर्जाका 'नकच्चरा' जो छन् ! केही गलत भाष्य बनाएर जनमानसलाई उत्तेजित गर्न भने खोजिएको देखिन्छ नियोजितरूपमै । दाहाल सायद त्यही तानाबानामा गोटी बन्न पुगेका हुन् कि ? अध्यक्ष दाहालले बुझेकै हुनुपर्छ - अब जन विद्रोह भयो भने उनी पनि जनताको कोपभाजन हुनबाट उम्कन त पक्कै पाउने छैनन् ।

**बबन्डरवादीको आँखा खुलोस्** !

बङ्गलादेशमा अहिले अमानवीय ज्यादती सुरु भएको भन्दै अल्पसंख्यकहरूले विरोध प्रदर्शन सुरुगरेका छन् । सत्ता परिवर्तन हुनेबित्तिकै कट्टर पन्थीहरूले अल्पसंख्यक मूलत: हिन्दु तथा बौद्ध समुदायमाथि आक्रमण सुरु गरेका थिए । नयाँ सरकारका प्रमुख महम्मद युनुसले भाषणमा त साम्प्रदायिक सद्भाव कायम राख्न आग्रह गरे । तर, उनको आग्रह औपचारिकतामा सीमित रह्यो । सरकारी संयन्त्र नै आफूहरूलाई बङ्गलादेशबाट खेद्ने मनसायले परिचालित गरिएको गुनासो अल्पसंख्यकले गरेका छन् ।

राजधानी ढाका र अर्को प्रमुख सहर चटगावँमा भएको प्रदर्शनमा 'बङ्गलादेश छाडेर भाग्दैनौ'भन्ने नारा नै लागेको छ । जेहोस्, शेख हसिनालाई अपदस्थ गर्ने आन्दोलनले बङ्गलादेशवासीको हित भयो कि अहित भन्ने प्रश्न उठेको छ । बबन्डरबाट भारत तर्सनु पनि स्वाभाविकै हो । अहिलेका हर्ताकर्ताको जरा खोज्दै जाने हो भने सन् १९७१ का रजाकारसम्मै जो पुगिन्छ । यसैले केही समय यता दाहाल, उपेन्द्र यादव, रवि लामिछाने, सीके राउत आदिले गरेको विद्रोहको भविष्यवाणी वा जनतालाई उक्साउने प्रयास 'बुमऱ्याङ' हुनसक्छ । सिसाका घरमा बसेका छन् सबै । अरूलाई ढुङ्गा हान्ने मूर्खता नगरेकै बेस ।

**दुई दलीय पद्धति खराब हो र ?**

यस्तै नेपाली कांग्रेस र नेकपा (एमाले)को अनपेक्षित गबन्धनबाट छटपटाएका पुष्पकमल दाहाल, माधवकुमार नेपाललगायतका नेताहरू 'दुई दलीय' व्यवस्था ल्याउन लागे भनेर हल्ला मच्चाउन खोज्दैदन् । पहिलो त दुई दलीय पद्धति आफैँमा नराम्रो र अलोकतान्त्रिक व्यवस्था होइन । अर्को कुनै दल विशेषका नेताले होइन जनताले चाहे भनेमात्र दुई दलीय प्रणालीको जग बस्छ ।

बेलायत र अमेरिकामा दुई दलीय व्यवस्था छ । अमेरिकाको शासन पद्धति संसदीय र राष्ट्रपतीय प्रणालीको ठिमाहा हो । नेपालले अपनाएको प्रणाली धेरै हदसम्म वेस्टमिन्स्टर शैलीको अर्थात् बेलायती हो । बेलायतमा सन् १९२२ पछि लिबरलहरूले सत्ताको नेतृत्व गर्न पाएका छैनन् । तर, लिबरल डेमोर्क्याटिस पार्टी न बिलाएको छ न बेलायतको राजनीतिमा महत्त्व नै कम भएको छ । यसैले दुई दलीय व्यवस्थाको निरङ्कुशतन्त्रजसरी गरिएको दानवीकरण जनता मूर्ख छन् भनेर गरिएको फट्याइँमात्र हो ।

इतिहाससँग छल नगर्ने हो भने इतिहासले पनि धोका दिँदैन । नयाँ पार्टीहरूको उदय पनि भइरहेको हुन्छ । कतिपय पुराना ठूला र महत्त्वपूर्ण दलहरू बिलाउँदै गएका छन् । युरोपमा त कुन बेला को पार्टी बनाएर चुनावमा उत्रिने हो र बहुमत ल्याउने हो भन्ने ठेगानै नहुने देखिन्छ । यसैले जनताले दुई दलीय प्रणाली नै रोजे भने पनि खासै फरक पर्दैन । यत्ति हो कसै कसैको 'बार्गेनिङ पावर' घट्न सक्छ । देशलाई त्यसमा केको चिन्ता ? संघीय शासन सार्थक बनाउन क्षेत्रीय दलहरूको उदय हुनसक्छ । मधेसमा मात्र होइन सबै प्रदेशमा । त्यसबाट पनि चिन्तित हुनुपर्दैन ।

**राजनीतिक अस्थिरताको भ्रम**

एउटा अचम्मको हौवा चलाइएको छ नेपालमा केही वर्षदेखि । सरकार बदलिनुलाई नै राजनीतिक अस्थिरता भन्ने । यथार्थमा नेपालमा राजनीतिक अस्थिरता छैन । विसं २०४६ मा स्थापित सिद्धान्तअनुसार शासन व्यवस्था चलेको छ । जनताले चुनेका प्रतिनिधिले शासन गर्ने मान्यतामा ज्ञानेन्द्र शाह र पुष्पकमल दाहालले चुनौती दिएका थिए यसबीच । दुवै परास्त भए । न राजाको शासन चल्यो न दाहालको कम्युनिस्ट अधिनायकवाद । संवैधानिक प्रावधानअनुसार सरकार फेरिनु राजनीतिक अस्थिरता होइन । संविधान फेरिनु र संविधानभन्दा पनि राजनीतिक मान्यता फेरिइरहनु अस्थिरता हो । यसैले नेपालमा राजनीतिक अस्थिरता छ भन्नु त्यत्तिकै गलत हो जति सरकार बदलिइरहेकाले विकास भएन भन्नु ।

ब्रु, संसदीय अभ्यासका मान्यताहरू नअपनाइएकाले समस्या उत्पन्न भएको । अब राजनीतिक दलभित्र लोकतन्त्र बलियो बनाउनुपर्छ । बालिग मताधिकारका आधारमा हुने निर्वाचनमा हारेपछि पार्टीमा पनि पदमा नबस्ने नियम बनाए अन्यत्रतिरको जस्तो हुन्छ । केन्द्रीय पदाधिकारी नै त्यस्तो चुनावमा हारे सक्रिय राजनीति छाड्ने गर्नुपर्छ । यस्ता सामान्य अभ्यासमात्र अपनाए पनि धेरै विकृतिको अन्त्य र असन्तुष्टि साम्य हुनुपर्छ ।

**र अन्त्यमा**

नेपालको संसद्मा जनताका समस्या उठाइएको बिरलै सुनिन्छ । सहकारी ठगीको संसदीय जाँच गर्ने कि नगर्ने भनेर पनि महिनौ संसद् अवरुद्ध गर्नुपरेको थियो । अहिले एकजना सांसदले 'माओवादी हिंसा' भने भनेर बबन्डर मच्चाउन खोजिएको छ । त्यो निरर्थक विवादले संसद्को कति समय खेर जाने हो ? सभामुख 'हिंसा' शब्दलाई 'रेकर्ड'बाट नहटाउने र माओवादी त्यो शब्द नहटाउन्जेल संसद् चल्न नदिने जिद्दीमा छन् । राज्यले यिनको जिद्दीको मूल्य कति चुक्ता गर्नुपर्ने हो ?

यथार्थमा विसं २०५२ - ६२/६३ को एक दशकको मुलुकको अवस्थालाई 'हिंसा'मात्र भन्नु भने शब्दकै अर्थ बिगार्नु हो । त्यतिबेला नेपालमा आतङ्कै पो मच्चिएको थियो त ! माओवादी र सुरक्षा फौज दुवैबाट जनसाधारण थरहरी थिए । सार्वजनिक बसमा बम पड्काउने, विद्यालयमा पढाइरहेका शिक्षकलाई थुतेर मार्ने, मजदुरी गर्न हिँडेकाहरूको सामूहिक संहार गर्ने, यस्ता आतङ्ककारी घटना न गनेर सकिन्छ न बिर्सनै सकिन्छ । दुवैतिरको आतङ्क भोग्नेहरू जिउँदै छन् अझै । त्यो कालखण्डमा जति नेपाली जनता पहिले कहिल्यै आतङ्कित भएका थिएनन् । त्यो सामान्य हिंसा होइन आतङ्क नै थियो नेपालीले भोगेको । अब कहिल्यै त्यस्तो नहोस् भन्ने कामना गरौँ । शब्दमा सिँगौरी खेलेर जनतालाई केही हुनेछैन । कामना गरौँ, कुनै दिन यस्तो पनि आउला जब कसैले संसद्मा उभिएर भन्नेछ - हिंसकहरूलाई सजाय नभएसम्म सदन चलाउन दिँदैनौ ।

(साभार: बाह्रखरी)

# अरुलाई ढाँटे पनि आफूलाई ढाँट्न सकिँदैन

✍ शिशिल चित्रकार

> अरुलाई ढाँटे पनि आफैँलाई त ढाँट्न सकिँदैन । आफूले गरेको गलत कार्यको स्व-मूल्यांकन सबैले आ-आफैं गर्ने हो । गलत भएको छ भने आफूलाई त घातक हुने नै भयो, अझ समाजका लागि कतिको प्रत्युत्पादक भयो ? त्यो पनि स्वयं आ-आफैँले मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

कुनै पनि माध्यमबाट देश-विदेशमा भएका हत्या, हिंसा, आरोप-प्रत्यारोप, वादविवाद, द्वन्द्व, मुद्दाजस्ता फरक-फरक परिवेशका खबरहरु पढ्न, देख्न र सुन्न परिरहेको अवस्था छ । यो समाचारबाट अहिलेको विश्वका व्यक्तिहरुको छटपटी, दु:ख, अत्यास तथा कहाली लाग्दो जीवन र जगत्को चित्र प्रस्तुत गर्न पर्याप्त छ ।

नेपालको परिवेशकै कुरा गर्नुपर्दा घर-परिवार, समाज, सडकदेखि संसद्, प्रशासनिक, अर्धप्रशासनिक, न्यायिक, शैक्षिक, स्वास्थ्य आदि विविध क्षेत्रका समाचारहरु पनि यस्तै विरोधाभाष, विषमता, तीक्ततापूर्ण खबरहरुकै बाहुल्य हुन्छ । अझ आजको आधुनिक प्रविधिले ल्याएको क्रान्ति, प्रतिक्रान्तिरुपी सञ्चारमाध्यमहरुबाट पनि व्यक्तिपिच्छे खबरहरुको आदानप्रदान गर्ने होडबाजीले समाचारको सत्यतथ्य र विश्वनीयता पनि ह्रास भएको अनुभव हुन्छ । अपवादस्वरुप सकारात्मक समाचार पनि नहुने होइन तर कैयौं खबरहरु द्वेषजन्य, एकपक्षीय प्रचारप्रसार गर्ने हिसाबले प्रेरित भएको देखिन्छ । यस्तो नकारात्मक र एकपक्षीय समाचारको कारणले अन्य पक्षको आवाज दबाउने, अर्को पक्षको भनाइ नराख्ने अवस्थालाई कुनै हालतमा पनि सही र सभ्य मान्न सकिँदैन । यो समाज र राष्ट्रको लागि स्वस्थकर तथा हितकर हुन सक्दैन ।

सडकदेखि संसद्मा हुने बहस हुन् वा सार्वजनिक प्रशासनतर्फका घटना-व्याख्या हुन्, कुनै पदाधिकारीहरुको व्यक्तिगत राय वा सोचअनुसार भन्नु एक पक्ष हो । ऐन नियममा के-कस्तो छ ? त्यसको सन्दर्भ उल्लेख नहुनु पनि विडम्बना नै मान्न सकिन्छ । सबै व्यक्ति नियम कानुनको विज्ञ नहुनु नौलो कुरा भएन तर सम्बद्ध निकायहरुबाट आधिकारिक पुष्टि नआउनु उदेक लाग्दो कुरा भएको अनुभूति हुन्छ । सार्वजनिक निकायहरुका कार्यहरु कैयौं अन्तर्राष्ट्रिय सन्धि-सम्झौतासँग गाँसिएको हुन्छ । यस्तोमा समेत आफ्नो व्यक्तिगत विचार र रायमा मात्र कार्य सम्पादन गर्नु पनि आज ठूलो विडम्बना भएको छ । कतै पढेकोझैं लाग्छ- हाम्रो देश गज्जबको छ, यहाँ ऐनलाई नियमले काट्छ, नियमलाई निर्देशिकाले काट्छ, निर्देशिकालाई परिपत्रले काट्छ, परिपत्रलाई टेलिफोन, भनसुनले काट्छ । स्थायी सरकारको उपमा रहेको सार्वजनिक प्रशासनको योभन्दा अस्थिर अवस्था अरु के हुन सक्छ ? यसो हुनुको विभिन्न कारणको सूक्ष्म अध्ययनको विशेष खाँचो छ ।

समाजको यावत् क्षेत्रमा देखा परेको गालीगलौज, अरुको गल्ती मात्र देखाउने, अरुलाई गाली गरेर आफू मात्र सही छु भन्ने देखाउने जुन प्रवृति छ, त्यो समाजका लागि कुनै हालतमा पनि ठीक ठहरिन सक्दैन । समाजको जुनसुकै क्षेत्रमा देखा परेका तहसनहस, अस्तव्यस्त हुनमा यस्तै मानसिकताको उपज मान्न सकिन्छ । आज कुनै पनि प्राणी दु:खबाट मुक्त त छैन, कसैको के दु:ख, कसैको के दु:ख । सबै आ-आफ्नो दु:ख हटाई सुख खोज्नमा लालायित भएका छन् तर सुख खोज्ने नाममा भइरहेको छलकपट, ढँटुवा, गालीगलौज, अरुलाई गलत देखाउने प्रवृत्ति पुन: दु:खको भुमरीमा लैजानेसिबाय अरु केही हुन सक्दैन । समाजको यावत् क्षेत्रमा देखा परेको यस्तो होडबाजीबाट अरुलाई ढाँटे पनि आफूलाई त ढाँट्न सकिँदैन । आफूले गरेको गलत कार्यको स्व-मूल्यांकन सबैले आ-आफैँगर्ने हो । गलत भएको छ भने आफूलाई त घातक हुने नै भयो, अझ समाजका लागि कतिको प्रत्युत्पादक भयो ? त्यो पनि स्वयं आ-आफैँले मूल्यांकन गर्नुपर्ने देखिन्छ । आफ्नो फाइदाका लागि अरुलाई छल्ने, ढाँट्ने कार्य स्वयंको अज्ञानताबाहेक अरु केही होइन । यसले अरुलाई भन्दा अन्तत: आफैँलाई बढी हानि पुऱ्याउने हुन्छ । अरुलाई ढाँटेर, छलेर लिएको लाभ (भौतिक मानमर्यादा, पद) कुनै न कुनै किसिमले गुमाउनुपर्ने नै हुन्छ । अझ भौतिक रुप मात्र नभई शारीरिक र मानसिकरुपमा हुने हानिलाई कुनै पनि भौतिक सम्पत्तिले परिपूर्ति गर्न सकिँदैन ।

सार्वजनिक निकायहरुमा सेवा प्रदानको स्तर, सहजरुपमा सेवा पाउन नसकिने अवस्था, सेवा प्रदायकहरुको स्तरीयता, कार्यक्षमताको सवाल, आमजनताले भोग्नुपरेका असुविधाहरुप्रति चासो दिई यसको समाधानतर्फ खासै ध्यान दिएको देखिँदैन । यसका कारणको खोजी र निराकरणको उपाय खोज्नुको सट्टा एक-आपसी आरोप-प्रत्यारोप गरी तथा अझ सही र सत्यलाई छोपी झुटको सहारा नै बढी लिएको आभास हुन्छ । आफ्नो दोष छोप्नु वा आफूसँग नभएको गुण दर्शाउनु माया वा छल हो । आफूसँग नभएको गुण पनि आफूसँग भएकोझैं स्वाङ पार्नु कपट हो । यसरी कुनै लाभ (अर्थिक, पद, मान, इज्जत) पाउन समाजमा जुनै किसिमको छलकपट तथा झुट र ढँटुवा प्रवृत्तिको होडबाजी देखा परेको छ । यस्तै प्रकारको घोषित-अघोषित परम्परा, संस्कृति र सोचको बाहुल्यता नै आज विश्वको अधिकांश देशको परिचय हुन पुगेको छ । यस अर्थमा आज समाजमा झुटको साथै छलकपटको बाहुल्यता बढेका स्वत: सिद्ध हुन्छ ।

समाजका यावत् क्षेत्रमा विविध समस्याको बाढी आएको छ । देशमा विद्युत् प्राधिकरणको डेडिकेटर लाइनको भुक्तानीको विवाद, सार्वजनिक सेवाप्रदायक निकायहरुको सेवा प्रवाहको समस्या अथवा सेवाग्राहीले सहजरुपमा सेवा लिन कठिन अवस्था, मालपोत र अन्य निकायहरुको सेवाप्रति सर्वसाधारण जनताको गुनासो, सहकारीको समस्या, किसानदेखि ठेकेदारहरुको बाँकी बक्यौताका समस्या, न्यायालयमा मुद्दाको चाङ, सडक तथा हवाई यातायाततर्फ दुर्घटनादेखि सुरक्षा/असुरक्षाको बहस, प्राकृतिक विपद, बलात्कार, असुरक्षा आदि विविध विषयमा बहस, चर्चा-परिचर्चा भइरहेको आजको वर्तमान अवस्था हो ।

केही घटना उदाहरणको लागि चर्चा गर्नु उचित हुनेछ । राष्ट्रिय परिचयपत्र लिन भोग्नुपर्ने सास्तीदेखि वडा कार्यालयमा पाउने सुविधा लिनसमेत सहज नभएको अवस्था छ । यसमा वस्तुत: सेवाप्रदायक निकायको भौतिक अवस्था (भवन, कार्यकक्ष, जनशक्ति, कार्य प्रणाली, ले-आउट, डिजाइन र अन्य सामग्री) देखि सेवाग्राहीहरुको आवश्यक तयारीमा पनि कमी-कमजोरी देखिएको छ । अझ यसमा सेवाग्राहीको कमी-कमजोरीलाई सहज सेवा दिने वातावरणको उल्टो थप लाभको बाटो बनाउने भाव पनि निकै दारुण नै मान्नुपर्छ । यसलाई अर्को शब्दमा भन्नुपर्दा, व्यक्तिले (दुवै पक्ष) आफूले आफैँलाई ढाँट्ने प्रवृत्ति नै हाबी भएको मान्न सकिन्छ । यसै गरी सेवाप्रदायक निकायले पनि आफ्नो सेवाको कमी-कमजोरी अथवा आवश्यक सुधार तर्फ आँखा चिम्लनु वा सेवाको स्तरमा सुधार अथवा आफ्नो क्षमताभन्दा बढी कार्य गर्न खोज्नु पनि आफूले आफूलाई ढाँटेको नै भन्न सकिन्छ । अझ कतिपय सार्वजनिक निकायहरुले आफ्नो आन्तरिक सुधारको साटो अन्य निकायको कमी-कमजोरी मात्र उजागर गर्ने, त्यसलाई मात्र सुधारको एकोहोरा मापदण्ड बनाउने पनि आफूले आफूलाई ढाँटेको मान्न सकिन्छ । यसमा थप भन्नुपर्दा, राज्यले आफू मातहतको संयन्त्रको क्षमताको पहिचानविना नयाँ आवश्यकता, व्यवस्था लागू गर्न जोडबल गर्नुलाई समेत राज्य आफैँले आफैँलाई ढाँटेको भन्न सकिन्छ कि सकिँदैन ? यसलाई अर्कोतर्फबाट सोच्दा, राज्यले आमजनताले दैनिक जीवनयापनमा भोगिरहेका समस्याको पहिचान गरी निराकरणको लागि आवश्यक कार्यक्रम, योजना लागू गर्नुपर्ने सोचको विपरीत नयाँ-नयाँ आवश्यकता थोपरिनुलाई एक किसिमको अन्याय, अत्याचार नै मान्न सकिन्छ कि सकिँदैन ?

आजको विश्वको परिवेशलाई सुहाउने त्रिपिटकअन्तर्गत अंगुतर निकायको 'महाचोर सूत्रको' केही प्रसंग यहाँ उतार्न सान्दर्भिक हुन्छ । यसमा भगवान् बुद्धले भिन्न-भिन्न प्रकार र परिवेशयुक्त हुने तीन प्रकारका चोरहरुको वर्गीकरण देखाउनुभएको छ । ती हुन्- एक विषम आश्रित, दोस्रो गहन आश्रित र तेस्रो बलवान् आश्रित । यिनीहरु क्रमश: नदी, दुर्गम पहाड आदिमा बसेर लुटपाट चोरी गर्ने, घना जंगल तथा रुखहरुको आडमा लुटपाट गर्ने तथा राजा-महाराजा, प्रधान आदिको बलमा चोरी, लुटमार, डकैती गर्ने चोर लुटेराहरु हुन् । यो उपमापश्चात् कायिक, वाचिक दुश्चरित्र भएमा विषम आश्रित, मिथ्यादृष्टि भएमा गहन आश्रित तथा राजा, सत्ता आदिको बलमा अश्रित भई गर्ने दुराचार आदिको तीन प्रकारको चोरी, डकैतीबाट आफूलाई नै हानि हुने तथा ज्ञानीजनहरुबाट निन्दित हुने बताइएको छ ।

आखिर यो शिक्षाको मर्म व्यक्तिहरुले आफू यी तीनै थरीका चोरी-डकैती हुनबाट बच्नु भन्ने नै हो । व्यक्तिहरुले कुनै न कुनै बेला गल्ती गरेको हुन्छ नै, तर गल्तीको ढाकछोपको लागि पुन: गल्ती गर्नु भनेको अथवा यस्तै तीन थरीका चोरी-डकैतीतर्फ लाग्नु नै हुनेछ । आज समाजमा आफ्ना गल्ती पुन: नदोहऱ्याउने सत् प्रयास सबै व्यक्तिहरुको तर्फबाट हुन आवश्यक छ । आखिर जे-जस्तो भए पनि लाभ, मान, कीर्ति र जीतको खोजीतर्फ लम्किरहने मानव स्वभावले हार, हानि, अपमान, अकीर्ति पनि त भोगिरहेकै हुन्छन् । यो स्थितिमा कम वा बेसी मात्राको फरक होला तर कोही पनि अछूतो त र हन सक्दैन । मनुष्यले जे-जस्तो काम गरेको छ, आखिरमा अरुलाई ढाँटे पनि त आफूलाई ढाँट्न सकिँदैन नै ।

आज व्यक्तिहरुले आफ्नो कार्यले अरुलाई छलछाम नगरी, आफूबाट जानी-नजानी झुटो कुरा नहोओस् भनेर सजगता अपनाउन आवश्यक छ । समाजका सबै व्यक्ति र सञ्चार माध्यमको अझ यसमा विशेष मेहनतसहितको कठिन कार्य गर्नुपर्ने टड्कारो आवश्यक्ता देखिन्छ । व्यक्तिले आफूलाई नढाँनु प्रथम कर्तव्य र दायित्व हो भने आफ्नो कार्यबाट अरुलाई दु:ख-कष्ट नहोस् भन्ने सोचाइ राख्नु अर्को आवश्यकता हो ।

आज समाज वा व्यक्तिहरु जुन आदर्श, बाटोमा हिँडिरहेका छन्, त्यो निकै भयावह गन्तव्य देखिन्छ । सडक यातायातको प्रयोगमा ठाउँ-ठाउँमा सीधा जान निषेध, दायाँ मोड्न निषेध, यु टर्न निषेधका साइनबोर्डहरु देख्छौं । त्यसलाई प्रायले लागू गरिरहेका हुन्छन्, लागू नगरेमा जरिवानाको सिकार हुन्छन् । त्यसै गरी आज व्यक्ति, समाज हिँडिरहेको बाटो गलत भएको महसुस भएको छ । निश्चितरुपमा यसको परिणामरुपी जरिवाना पनि भोग्नुपर्छ नै । अत: व्यक्तिको आवश्यकता र सामर्थ्यबमोजिम कोही दायाँ-बायाँ त कोही फनक्क फर्की यु टर्न गर्नसमेत अति आवश्यक देखिन्छ । यसैबाट आफू नढाँट्ने र अरुलाई पनि ढाँट्न नदिने बाटो पहिल्याउन सक्षम भएमा व्यक्ति स्वयं र समाजको समेत हित हुनेछ ।

(साभार: न्यूज अफ नेपाल)

# उद्योग होइन, सेवाले नेतृत्व गरेको विकास सम्भव छ ?

जेनेभा/विश्व बैंक र विश्व व्यापार संगठन (डब्लूटीओ) ले प्रकाशित गरेको एउटा प्रतिवेदनले सेवा व्यापारले विकासशील देशका लागि ठूलो अवसर सिर्जना गरेको देखाएको छ । यसले अल्पविकसित र विकासशील देशलाई निर्यात केन्द्रित आर्थिक वृद्धिको मोडेलमा जान, आर्थिक क्षेत्र विविधीकरण गर्न, विदेशी लगानी भित्र्याउन तथा विश्वव्यापी आपूर्ति शृंखलामा जोडिन महत्त्वपूर्ण योगदान गर्ने पनि प्रतिवेदनमा छ ।



खासगरी युरोपेली देशमा पहिला कृषि, त्यसपछि उद्योग र त्यसपछि मात्रै सेवा क्षेत्रको विकास भएको र अन्य देशले पनि त्यही मार्ग पछ्याइरहेको सन्दर्भमा 'ट्रेड इन सर्भिसेस इन डेभलपमेन्ट' शीर्षकको यो प्रतिवेदनले नयाँ बहस सुरुवात गरेको छ । नेपालजस्ता अल्पविकसित मुलुकमा उद्योग क्षेत्रको विकास नभई सेवा क्षेत्र प्रभावशाली छ ।

नेपालमात्र होइन, अहिले विश्व अर्थतन्त्रमा सेवा क्षेत्र नै प्रभावशाली देखिन्छ । 'विश्वको कुल गाहर्स्थ उत्पादन (जीडीपी) को दुई तिहाइ हिस्सा सेवा क्षेत्रले ओगटेको छ । यो कृषि र उत्पादनमूलक क्षेत्र दुवैको योगदानभन्दा पनि बढी हो,' उक्त प्रतिवेदनमा छ, 'साथै, विश्वको कुल रोजगारीमा सेवा क्षेत्रले आधाभन्दा बढी योगदान गरेको छ ।'

धेरै अर्थशास्त्रीले सेवा क्षेत्रले नेतृत्व गरेको विकास दिगो नहुने बताइरहेका बेला यो प्रतिवेदन र विज्ञहरूले भने अबको विकासको मूलधार यही नै भएको बताएका छन् । 'तपाईंलाई मन परोस् वा नपरोस्, संसार अब सेवा क्षेत्रले नेतृत्व गरेको विकासको बाटोमा गइसक्यो,' स्वीट्जरल्यान्डमा हालै सम्पन्न डब्लूटीओको 'डब्लूटीओ पब्लिक फोरम २०२४' मा अन्तर्राष्ट्रिय अर्थशास्त्रका चर्चित प्राध्यापक रिचार्ड बाल्डविनले भने, 'इतिहासमा 'जी७' देशले जुन बाटो हिँडे, संसारका अन्य देश पनि त्यही बाटो हिँड्न आवश्यक छैन तपाईं अहिले सन् १९९० को दशकमा हुनुहुन्न । यसबीच संसारमा धेरै परिवर्तन भइसक्यो ।'

सन् २००८ पछि संसारमा वस्तु माग बढ्न नसकी स्थिर भएर बसेको उनको भनाइ छ । 'त्यसो हुँदा उत्पादनमूलक उद्योगका नाममा देशहरू अड्किएर बस्न हुन्न,' उनले भने ।

यसै पनि चीनले औद्योगिक उत्पादनमा संसारमा प्रभुत्व कायम गरिसकेका कारण अन्य देशले ऊसँग प्रतिस्पर्धा गर्न नसक्ने उनले बताए । 'तपाई चीनसँग प्रतिस्पर्धा गर्न सक्नुहुन्न किनभने उसले पहिल्यै गरिसक्यो, ऊ औद्योगिक उत्पादनको सुपरपावर बनेको छ भने तपाईंले त्यसको विकल्पबारे सोच्नु उचित हुन्छ,' उनले भने ।

संसारमा सेवा क्षेत्र विस्तार तीव्र गतिमा भएको उनको भनाइ थियो । यस क्षेत्रले रोजगारी सिर्जना पनि धेरै गरिहेको उनले बताए । 'अब यो दोस्रो प्राथमिकता होइन, पहिलो प्राथमिकता हो,' उनले भने । भारतले खासगरी डिजिटल सेवा निर्यातमा चमत्कार गरेको उनको भनाइ थियो । 'संसारका कुनै पनि देशसँग सेवासँग सम्बन्धित खुला व्यापार सम्झौता नगरी पनि भारतले सेवा निर्यातमा ठूलो उपलब्धि हासिल गरेको छ, यो अन्य देशका लागि पनि सिकाइ हुन्छ,' उनले भने ।

धेरै विकासशील देशका सहरी क्षेत्रमा शिक्षित बेरोजगार संख्या थपिँदै गएको उनको भनाइ छ । उनले यो समस्या समाधान गर्न सक्ने क्षेत्र नै सेवा भएको बताए । अहिले 'आर्टिफिसियल इन्टिलिजेन्स' का माध्यमबाट एउटा भाषामा बोल्दाबोल्दै अर्को भाषामा अनुवाद हुन थालेको छ । यसको प्रयोग आमरूपमा बढ्ने बित्तिकै यसले सेवा क्षेत्रको व्यपारमा आमूल परिवर्तन ल्याउने उनको भनाइ थियो ।

'जी७ देशहरू उदीयमान अर्थतन्त्रको जनशक्तितर्फ आँखा लगाइरहेका छन । एक भाषामा बोल्दा तत्काले अर्को भाषामा अनुवाद हुन थालेपछि उनीहरूको प्रयासलाई निकै सहयोग पुग्ने छ,' उनले थपे । डब्लूटीओ महानिर्देशक एंगोजी ओकोन्जो इवेलाले सन् २००५ को तुलनामा डिजिटल सेवा निर्यात चार गुणा बढेको बताइन् । विकासशील देशबाट हुने डिजिटल सेवा निर्यात कम नै रहे पनि २००५ को दाँजोमा त्यहाँ पनि चार गुणा बढेको उनले जानकारी दिइन् ।

अबको भविष्य डिजिटल सेवा निर्यात नै भएकाले अब पनि उद्योगको उत्पादन कति भयो भनेर पछि लाग्नुको कुनै तुक नरहेको उनको भनाइ थियो । २०२२ मा विश्व व्यापारमा सेवा निर्यात हिस्सा ४२ प्रतिशत पुगेको उनको भनाइ थियो । 'सेवा क्षेत्रले संसारमा कुल रोजगारीको आधा सिर्जना गरिरहेको छ । सेवा क्षेत्रको कुल निर्यातमध्ये दुई तिहाइ अन्तिम उत्पादन होइन । यसले अर्को सेवा उत्पादनमा सघाइरहेको छ,' उनले भनिन् ।

सेवा क्षेत्रको विकास गर्न शिक्षा र सिप विकासमा लगानी गर्नुपर्ने उनले बताइन् । विश्व बैंक र डब्लूटीओले सेवा निर्यात प्रवर्द्धन गर्न सहकार्य गरेको उनको भनाइ थियो । सेवा क्षेत्रले महिलाको विकासमा पनि महत्त्वपूर्ण योगदान गर्ने पनि उक्त प्रतिवेदनमा छ । 'सन् २०२१ मा कुल कामकाजी महिलामध्ये ५९ प्रतिशत सेवा क्षेत्रमा काम गरिरहेका छन्,' प्रतिवेदनमा छ, 'उनीहरूले काम गर्ने १० मध्ये नौ कम्पनी साना तथा मझौला हुन् ।

### डिजिटल सेवा अल्पविकसित देशको मेरुदण्ड

नेपालबाट वार्षिक १ अर्ब अमेरिकी डलर बराबर डिजिटल तथा 'डिजिटल्ली इनेबल' सेवा निर्यात हुने गरेको तथ्यांक विभिन्न अध्ययनले देखाएका छन् । यो नेपालको कुल निर्यातको करिब आधा हो । पछिल्लो २० वर्षमा संसारमा डिजिटल सेवा निर्यात वृद्धिदर उच्च रहेको डब्लूटीओ र विश्व बैंकको संयुक्त प्रतिवेदनले देखाएको छ ।

२००५ देखि २०२२ सम्म डिजिटल सेवा व्यापार चार गुणाले बढेको प्रतिवेदनले उल्लेख गरेको छ । 'यसबीच व्यावसायिक सेवा निर्यात तीन गुणाले बढेकोमा डिजिटल सेवा निर्यात भने चार गुणाले बढेको छ,' प्रतिवेदनमा छ । यसबीच अल्पविकसित देशबाट हुने सेवा निर्यात चार गुणाले बढेको पनि प्रतिवेदनमा छ । तर, यस्तो सेवा निर्यातमा विश्वका सरकारहरू तथा डब्लूटीओ जस्ता संस्थाको योगदान न्यून मात्रै रहेको सरोकारवालाले बताएका छन् ।

भारतको डिजिटल सेवा क्षेत्रले सरकारको वा विश्व बैंकजस्ता विकास साझेदारको सहयोग नलिई प्रगति गरेको विश्व बैंकका प्रमुख अर्थशास्त्री इन्दरमिट गिलले बताए । 'सेवा निर्यातमा विश्व बैंकको सहयोग कति प्राप्त भयो भनेर सोधेको थिएँ । करिब जिरो (शून्य) भन्ने उत्तर आयो । उनीहरू आफैंले गरेका हुन्,' उनले भने ।

दक्षिणपूर्वी एसिया औद्योगिक उत्पादनले नेतृत्व गरेको विकासको पाठ्यपुस्तकका रूपमा स्थापित त्यो क्षेत्र पनि अब सेवातिर जान थालेको उनले बताए । ती क्षेत्रमा पनि सेवाले उत्पादनमूलक उद्योगको तुलनामा बढी रोजगारी दिइरहेको उनको भनाइ थियो । यो क्षेत्रमा काम गर्ने जनशक्ति उच्च शिक्षा हासिल गरेको र सिपयुक्त हुनुपर्ने भन्दै उनले पनि शैक्षिक बेरोजगारी अन्त्य गर्न यो क्षेत्रको विकासमा ध्यान दिनुपर्ने बताए ।

लैंगिक समनताका हिसाबले पनि सेवा क्षेत्रको विकास महत्त्वपूर्ण छ, किनभने यस क्षेत्रमा काम गर्ने जनशक्तिमध्यै आधाजसो महिला छन् । 'उद्योगभन्दा अघि सेवा लाग्यो भनेर डराउनुपर्दछ ? अहँ पर्दैन,' उनले भने । चीनमै पनि १० वर्षअघि अर्थतन्त्रमा सेवाको योगदान ४४ प्रतिशत रहेकोमा अहिले बढेर ५३ प्रतिशत पुगेको उनको भनाइ थियो । तर, निम्न आय भएका देशमा सेवा क्षेत्रको विस्तार हुन नसक्नु भने चिन्ताको विषय भएको उनको भनाइ छ । 'सन् १९७० पनि यो ४० प्रतिशत थियो । अहिले पनि त्यति नै छ,' उनले भने ।

भारतीय उद्योग परिसंघ सल्लाहकार सुमन्त चौधरीले सन् २०३० सम्म भारतले हरेक वर्ष १० खर्ब डलरको सेवा निर्यात लक्ष्य राखेको बनताए । 'भारतको जीडीपीमा आईटी र आईटी इनेबल सेवाको हिस्सा ७ प्रतिशत पुगेको छ र यो बढ्दै जाने छ,' उनले भने, 'यस क्षेत्रमा काम गर्नेमध्ये ४० प्रतिशत महिला छन् ।'

भारतले डिजिटल पूर्वाधार निर्माणमा पनि ठूलो लगानी गरेको उनको भनाइ थियो । यस क्षेत्रमा काम गर्ने जनशक्तिलाई पुन: दक्ष बानाउने र दक्षता वृद्धि गर्ने काममा जोड दिनुपर्ने उनले बताए । विशेषगरी विकासशील देशमा सेवा व्यापार सम्भावना उपयोग गर्न कठिन भएको डब्लूटीओकी उपमहानिर्देशक जोहाना हिलले बताइन् । सेवा क्षेत्रको आपूर्ति विभिन्न मोडमा हुने भएको यसको सञ्चालन कठिन हुने उनले बताइन् । त्यसो हुँदा विकासशील देशले ती जटिलताबीच व्यापार गर्न र त्यसको उपलब्धि मापन गर्न कठिन भएको उनको भनाइ थियो ।

*(स्रोत: अनलाइनखबर)*

# युट्युबदेखि टिकटकसम्म चम्कियो 'खुस्मा'को 'रुकुम मैकोट' गीत

काठमाडौं/गत बैशाखमा आएको फिल्म 'बोक्सीको घर'को 'बुझिनँ मैले, बुझाईदेउ कसैले' गीत सर्वाधिक चर्चित बन्यो । यही गीतले फिल्मलाई समेत ठूलो व्यावसायिक सफलता दिलाएको थियो । युट्युबमा यो गीतलाई ५ महिनामा साढे ३ करोडभन्दा बढीले हेरिसकेका छन् । यसपछि पनि बग्रेल्ती फिल्मका गीत आए । केहीले दुई/चार दिन राम्रै चर्चा र युट्युबमा भ्यूज पाए पनि त्यसपछि एकाएक हराए ।



यतिबेला फिल्म 'खुस्मा'को 'रुकुम मैकोट' गीतले भने नसोचेको चर्चा पाइरहेको छ । 'बुझिनँ मैले'पछि सर्वाधिक रुचाइएको गीत नै यही बनेको छ । युट्युब रिलिजको २ हप्तामा गीतलाई ७७ लाखभन्दा बढी भ्यूज मिलिरहेको छ भने सयौंको संख्यामा टिकटक र रिल्स बनेका छन् । हरेक दिन ५ लाख हाराहारी भ्यूज गीतले युट्युबमा पाइरहेको छ । दिनप्रतिदिन गीतको चर्चा चुलिँदो देखिन्छ ।

युट्युब रिलिजको एक सातासम्म 'रुकुम मैकोट' गीत दर्शकको नजरमा पर्न सकिरहेको थिएन । भ्यूज ४ लाख पनि नाघेको थिएन । 'छक्का पञ्जा ५'को 'बिहे भाको छैन' र 'बेहुली फ्रम मेघौली'को 'छड्के सलाम' गीतका कारण छायाँमा परेको थियो । तर, यतिबेला 'रुकुम मैकोट'को चर्चाले अरु गीत छायाँमा परेका छन् । यो गीतले यसपालिको दशैं-तिहारमा नाच्ने माहोल बनाउन सक्ने देखिन्छ ।

गीत चर्चित भइदिँदा त्यसको फाइदा फिल्मको व्यापारमा पनि पर्ने गरेको छ । 'बोक्सीको घर' यसको ज्वलन्त उदाहरण हो । यसैले 'रुकुम मैकोट' गीतको बढ्दो लोकप्रियताको फाइदा 'खुस्मा'को व्यापारमा देखिन सक्ने प्रक्षेपण गरिएको छ । र, यो गीतका कारण निर्माण टिमलाई प्रचारमा ठूलो सघाउ पुगेको छ । यतिबेला फिल्मका कलाकारहरुले यही गीतमा नाच्दै दर्शक फकाइरहेका छन् ।

फिल्मको 'रुकुम मैकोट' गीतले केही दिनदेखि युट्युब ट्रेन्डिङको पहिलो स्थान कब्जा गरेर बसेको छ भने ट्रेलर पनि मुभिज् सेक्सन अन्तर्गत ट्रेन्डिङको पहिलो नम्बरमा छ । यसले फिल्मप्रति दर्शकको चासो दर्शाउँछ । आगामी असोज ३ गते (संविधान दिवस)बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीको शीर्ष भूमिका रहेको छ ।

# छायांकनमा निस्कियो 'होस्टेल ३', पारस र सिम्रनले दिए मुहूर्त सट

काठमाडौं/सफल फिल्म 'होस्टेल' फ्रेन्चाइजको तेस्रो श्रृंखलाको रुपमा निर्माण हुन लागेको 'होस्टेल ३'को छायांकन सुरु भएको छ । आइतबार बिहान ललितपुरको कार्यविनायक मन्दिरमा मुहूर्त गर्दै भक्तपुरको बोडेबाट छायांकन थालिएको हो । मुहूर्त सटमा फिल्मका मुख्य अभिनेता पारस बम (कुल ब्वाय) र अभिनेत्री सिम्रन पन्तले छोटो संवाद बोलेका थिए । फिल्मलाई दुई चरणमा छायांकन गरिनेछ ।



पहिलो चरणको छायांकन २५ दिनसम्म बोडे क्षेत्रमा हुनेछ भने तिहारपछि अर्को चरणको छायांकन गरिने निर्देशक सशान कँडेलले जानकारी दिए । उनले 'होस्टेल ३'बाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । सशानसँग म्यूजिक भिडियो निर्देशनको भने अनुभव छ । उनी गायक पनि हुन् । उनले 'होस्टेल'को अघिल्ला दुई श्रृंखलाभन्दा उत्कृष्ट बनाउने गरी स्क्रिप्टमा मिहिनेत गरिएको बताएका छन् ।

'होस्टेल ३'मा पारस र सिम्रनसहित रिहान गिरी, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, उमर खान, समा पराजुली, सन्तोष बानियाँ आदिको पनि अभिनय रहनेछ । अभिनेता आर्यन सिग्देलले होस्टेलको वार्डेनको भूमिकामा देखिँदैछन् भने अभिनेत्री परीक्षा लिम्बुले विशेष भूमिका देखिँदैछन् । छायांकन नहुँदै आगामी फागुन १६ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिसकिएको छ ।

यो फिल्ममा माधव शर्माको पटकथा तथा संवाद लेखन रहेको छ भने कथा निर्देशक कँडेलको हो । फिल्मको कार्यकारी निर्मातामा शङ्कर कोइराला तथा निर्मातामा कर्ण कार्की र गोविन्द अधिकारी छन् । सुधा मरहट्टा, सुरेश कँडेल र अर्जुन सापकोटा सह-निर्माता तथा भेषराज गौतम लाइन प्रोड्युसरमा छन् । फिल्मका डिओपी अर्जुन तिवारी तथा सिनेमाटोग्राफर बुद्ध थापा र मनोज खत्री हुन् ।

# संसद् बन्धक बनाउने इगो

काठमाडौं/'माओवादी हिंसा' भन्ने शब्द संसदीय कि असंसदीय भन्ने मतभेदले प्रतिनिधिसभा अवरुद्ध भएको छ । २०५२ देखि दश वर्षसम्म चलेको माओवादीको सशस्त्र युद्ध २०६३ सालको विस्तृत शान्ति सम्झौता हुँदै टुंगिएको थियो । त्यो आन्दोलनलाई संविधानमा 'सशस्त्र द्वन्द्व' भनेर उल्लेख गरिएको छ ।

तर गत १२ भदौको प्रतिनिधिसभा बैठकमा एमाले सचिव योगेश भट्टराईले 'माओवादी हिंसा' शब्द प्रयोग गरे । माओवादीको हिंसात्मक आन्दोलन नभए नेपालमा लोडसेडिङ दश वर्ष अघि अन्त्य हुने उनले बताएका थिए । उक्त अभिव्यक्तिप्रति माओवादी सांसदहरुले लगातार विरोध जनाए । माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले त्यसै दिन नियमापत्ति गर्दै 'माओवादी हिंसा' शब्द असंसदीय रहेकाले संसदीय रेकर्डबाट हटाउन माग गरेका थिए । तर सभामुख देवराज घिमिरेले उक्त शब्दमाथि अध्ययन गर्न सचिवालयलाई निर्देशन दिए ।

यसको १४ दिनपछि सभामुख घिमिरेले 'माओवादी हिंसा' भन्ने शब्द असंसदीय नरहेको निर्णय सुनाए । सभामुखको निर्णयप्रति माओवादी सांसदहरूले विरोध जनाउँदा २६ भदौको बैठक कार्यसूचीमा प्रवेश गर्ने सकेन । माओवादी विरोधकै बीच सभामुखले ३० भदौमा बस्ने गरी त्यस दिन बैठक स्थगित गरेका थिए । तर आज, ३० भदौमा पनि संसद् बैठक बस्न सकेन ।

अवरोध खुलाउन सभामुख घिमिरेले बिहानैदेखि पहल गरे । सिंहदरबारस्थित आफ्नै कार्यकक्षमा राष्ट्रिय दलको मान्यता प्राप्त दलका प्रमुख सचेतक र सचेतकहरूसँग छलफल गरे, तर कुरा मिलेन । स्रोतका अनुसार सभामुख घिमिरेले संविधान, ऐन, प्रचलित अभ्यास र संसद् सचिवालयको राय समेतको आधारमा निर्णय लिएको बताए । सभामुखको रुलिङ नमानेर जाँदा यसले असल नजिर स्थापित नगर्ने भन्दै सभामुख घिमिरेले अवरोध खोल्न प्रमुख प्रतिपक्षी माओवादीलाई आग्रह गरे ।

सत्तारुढ दलका प्रमुख सचेतक र सचेतकहरूले पनि सभामुखकै प्रस्तावमा समर्थन जनाए । माओवादीका प्रमुख सचेतक पाण्डेले 'माओवादी जनयुद्धलाई अपमानित गर्ने गरी हिंसा भनिएकाले त्यो सच्चिनुपर्ने पार्टी संसदीय दलको निर्णय भएको' सुनाए ।

सभामुख घिमिरेले बोलाएको छलफल विना निष्कर्ष टुंगिएपछि माओवादी नेताहरू छुट्टै छलफलमा जुटे । छलफलपछि उनीहरूले 'माओवादी हिंसा' शब्द नहटाएसम्म प्रतिनिधिसभाको अवरोध नखोल्ने निर्णय लिए ।

बैठकपछि माओवादी सचेतक रुपा सोसी चौधरीले आफूहरुले उठाएको विषयमा सत्तारुढ दलहरू गम्भीर नभएको बताइन् । 'हाम्रो प्रष्ट निर्णय छ- माओवादी हिंसा शब्द संसदीय रेकर्डबाट नहटाएसम्म प्रतिनिधिसभाको बैठक चल्न सक्दैन । यो संसदीय दलकै निर्णय हो । यसबाट तल-माथि हुँदैन । सभामुखको निर्णय नसच्चिएसम्म प्रतिनिधिसभाको अवरोध खुल्दैन', उनले संचारकर्मीसँग भनिन् ।

यो निर्णय सभामुख घिमिरेलाई सुनाउन नेताहरू वर्षमान पुन, जनार्दन शर्मा, देवेन्द्र पौडेल, शक्ति बस्नेत र हितराज पाण्डे गए । त्यसक्रममा माओवादी नेताहरूले सभामुखलाई एकपक्षीय नबन्न आग्रह गरे । सभामुख घिमिरेले आफूले विना आधार निर्णय नलिएको जवाफ दिए । दिउँसो १ बजे बोलाइएको बैठक समयमै शुरु हुन सकेन । निर्धारित समयभन्दा दुई घण्टा ढिलोसम्म बैठक सुरु नभए स्वत: स्थगित हुने प्रावधान छ ।

यो प्रावधान छल्न संसद् सचिवालयले तीन बजेर १५ मिनेटका लागि बैठक स्थगित भएको सूचना टाँस्न लगाए । फेरि पनि बैठक बस्न नसकेपछि भोलि बस्ने गरी सूचना टाँसिएको छ । तर ३१ भदौमा पनि बैठक बस्ने वातावरण बन्न सकेको देखिंदैन, बु भोलि मध्यरातबाट लागू हुने गरी मन्त्रिपरिषद्ले बजेट अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ ।

संसद् नै बन्धक बनाउने गरी 'हिंसा' शब्द संसदीय वा असंसदीय भन्ने मतभेदमा रहेका एमाले र माओवादी भर्खरैसम्म सत्ता सहयात्री थिए । विगतमा पटकपटक सत्ता साझेदारी मात्र गरेका छैनन्, २०७४ सालको चुनावमा वाम तालमेल र पछि पार्टी एकता नै गरेका थिए ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्दा १ फागुनको अवसरमा सँगसँगै 'जनयुद्ध दिवस' मनाएका थिए । तर नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नेकपा एकता भंग गरिदिएपछि पुन: ब्युँतिएका सर्वोच्च अदालतले नेकपाको एकता प्रक्रिया भंग गर्दै एमाले र माओवादी पुनर्स्थापित हुन पुगे ।

पुनर्स्थापित हुँदा पनि सँगै सरकारमा बसे । तर पछिल्लो समय माओवादी आन्दोलनलाई हेर्ने दृष्टिकोणमा मतभेद चर्किएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'ज्वाइँ साब'को 'कसम बत्तीको' गीत : दर्शकबाट प्रशंसा

काठमाडौं/दशैं-तिहारमा फिल्म रिलिजको ठूलो चाप भएकाले यतिबेला गीत, टिजर र ट्रेलर रिलिजको बाढी देखिएको छ । हरेक दिन कुनै न कुनै फिल्मको प्रचार सामाग्री सार्वजनिक भइरहेका छन् । आगामी असोज २४ गते अर्थात् फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्म 'ज्वाइँ साब'को पनि चार दिनअघि पहिलो गीतको रुपमा 'कसम बत्तीको' सार्वजनिक गरिएको थियो, जुन दर्शकले रुचाएका छन् ।

युट्युब रिलिजको चार दिनमै गीतलाई १० लाख बढी भ्यूज मिलेको छ भने प्रतिक्रिया पनि राम्रो प्राप्त छ । ८ सय हाराहारी कमेन्टमा प्राय:ले गीत सुमधुर बनेको भन्दै प्रशंसा गरेका छन् । निशान भट्टराई र समीक्षा अधिकारीको गायकी तथा फिल्मकी अभिनेत्री नीति शाहको सुन्दरताको प्रशंसामा शब्द खर्चिएका प्रतिक्रिया पनि धेरै देखिन्छन् । र, यो गीतमा थुप्रै टिकटक र रिल्स बनिसकेका छन् ।

छोटो समयमै गीतले राम्रो हाइप बनाएकोमा निर्देशक बसन्त निरौलाले खुसी व्यक्त गरे । 'कसम बत्तीको' गीतका कारण विदेशबाट फिल्मको माग समेत बढेको उनको भनाई छ । उनी भन्छन्, 'पोस्टर र टिजरले फिल्मको एकखालको हाइप बनाएको थियो । गीत आएपछि हाइप थप बढेको छ । अहिले विदेशबाट समेत फिल्मको माग बढेको छ । यसले हामीलाई निकै उत्साहित बनाएको छ ।'

फिल्मको कथा रोचक र नौलो भएकाले यसपटक दशैंलाई उत्साहपूर्ण बनाउने निर्देशक निरौलाको विश्वास छ । फिल्मले दर्शकलाई फरक अनुभव गराउने उनी बताउँछन् । यसमा नीतिको जोडी अभिनेता जितु नेपालसँग बाँधिएको छ । उनीहरुको जोडीकै कारण पनि फिल्मप्रति दर्शकमा चासो देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'पूर्ण बहादुरको सारङ्गी'को 'काँधेकुरी' गीत रिलिज

काठमाडौं/आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शन हुन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को पहिलो गीत सार्वजनिक गरिएको छ ।

छायांकनभन्दा अगाडि मोशन पोस्टर र दुई हप्ताअघि टिजरमा समावेश 'काँधेकुरी' गीतको भिडियोसहित पूरा अंश सार्वजनिक गरिएको हो । गीतका शब्दहरु मर्मस्पर्शी छन् । एक बाबुले छोराको प्रगतिका लागि गरेको दु:ख, मिहिनेत र सपना गीतले बोल्छ ।

सार्वजनिक गीतमा प्रशान्त शिवाकोटीको शब्द रचना, संगीत तथा पार्श्व गायन रहेको छ । छोरा (प्रकाश सपूत) पढ्नका लागि शहर जाँदै गरेको बसलाई डाँडाबाट हेर्दै भावविह्वल भएका बाबु (विजय बराल)लाई चित्रित गर्दै गीत सुरु हुन्छ । त्यसपछि विजय पैसाका लागि सारङ्गी बजाउँदै गाउँगाउँ पुग्छन् । उता प्रकाश शहर पुगेर कलेजमा ध्यानपूर्वक पढ्दै गरेको दृश्य पनि गीतमा समावेश छ ।

सरोज पौडेलको कथा तथा निर्देशनमा बनेको फिल्ममा विजय र प्रकाशसँगै मुकुन भुसाल, अञ्जना बराइली, माओत्से गुरुङ, विनोद न्यौपाने, शंकर आचार्य, बुद्धि तामाङ, देशभक्त खनाल, भोलाराज सापकोटा, अलिसा बास्तोला, श्याम केसी, सरिता शाह, जानवी पौडेल लगायतको अभिनय छ । विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ ।



# प्रधानमन्त्री २ पटक मात्र बन्न पाउने व्यवस्थाका लागि छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ संविधान संशोधनको बहस भइरहेका सन्दर्भमा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मुलुकको कार्यकारी प्रधानमन्त्री दुईपटकसम्म मात्रै बन्न पाउने व्यवस्थाका लागि छलफल भइरहेको बताएका छन् ।

हेटौंडामा आयोजित संवाद कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्यसमेत रहेका शर्माले नेपालमा राष्ट्रपति एक पटक र प्रधानमन्त्री २ पटकमात्र बन्न पाउने व्यवस्थाका लागि छलफल चलाइरहेको बताएका हुन् । शर्माले नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा पनि प्रधानमन्त्री दुई पटकसम्म मात्रै बन्न पाउने संवैधानिक व्यवस्था हुनुपर्ने प्रशंग उठाएका थिए । उनले त्यही प्रशंस हेटौंडामा पनि पार्टीका नेता, कार्यकर्ता माझ राखेका हुन् ।



संविधानमा नै ५ वर्षसम्म सरकार चलाउन पाउने व्यवस्था उल्लेख गर्न जरुरी रहेको बताएका छन् । आइतबार कांग्रेसको केन्द्रीय-स्थानीय समन्वय विभागले हेटौंडामा आयोजना गरेको अन्तरसंवादमा बोल्दै महामन्त्री शर्माले २०८४ पछि प्रधानमन्त्री बन्ने मानिस मुलुकले चिनिसकेको बताए । देशमा सरकार बनाउने र ढलाउने खेल चलिरहेको र सोही अनुसारको भाष्य निर्माण गर्ने प्रयत्न भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

उनले पार्टी र सरकारको नेतृत्वमा पुस्तान्तरण आवश्यक रहेको औँल्याए । उनले पार्टी सभापति शेरबहादुर देउवाले मुलुक र पार्टीका लागि धेरै योगदान पुऱ्याइसकेकोले अब त्याग गर्ने बेला आएको बताए । 'हाम्रो सभापतिको नेतृत्वमा सबै काम भयो । अब त्याग गर्नुपर्ने अवस्था छ । सभापतिज्यूलाई अनुरोध छ केपी शर्मा ओलीपछि आफ्नो समकालीन कुनै साथीलाई प्रधानमन्त्री बनाउनुहोस् । २०८४ पछि कसलाई बनाउने हामी चिन्तन गरौंला,' उनले भने ।

स्थानीय तहबाट निर्वाचित कांग्रेसका जनप्रतिनिधिलाई उनले नागरिकले स-सानो सुधार खोजेको बताए । मुस्कानसहितको सेवा नभई मुस्कुराउँदै जाने, मुस्कान दिने सेवा खोजेको उनको भनाई छ । स्थानीय तहका जनप्रतिनिधिले घोषणापत्रमा लेखिएको अनुसार के कति काम भयो भनेर स्वमूल्यांकन गर्नुपर्ने उनले बताए । महामन्त्री शर्माले सहकारीको रकम अपचलनको आरोप लागेका कांग्रेस उपसभापति धनराज गुरुङमाथि गहिरो छानबीन हुनुपर्ने माग गरे ।

# वर्षाका कारण भेट्रान्स फुटबलको फाइनल खेल स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ वर्षाका कारण हेटौंडा उपमहानगर पालिका-५ पिप्लेक्याम्पा रंगशालामा जारी राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको फाइनल खेल स्थगित गरिएको छ ।

तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता-२०८१ को फाइनल अधिक वर्षाका कारण असोज १ गतेलाई खेल सारिएको आयोजक रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अनिल अग्रवालले जानकारी दिए ।

तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता २४ गतेबाट सुरु भएको थियो । फ्रिडम फाइटर भेट्रान्स, काठमाडौं र हरिवन भेट्रान्स, सर्लाहीबीच दोस्रो सेमिफाइनल खेल भने सोमबार विहान ८ बजे हुने खेल संयोजक मोहन ढकालले जानकारी दिएका छन् ।

फाइनल खेलपछि असोज १ गते समापन हुनेछ । प्रतियोगितामा देशका विभिन्न स्थानका १५ वटा भेट्रान्स क्लबहरुले प्रतिस्पर्धा गरेका छन् । जलन प्राथमिक उपचारकेन्द्र स्थापनाका लागि सहयोग जुटाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो । उपाधि विजेताले २ लाख २ हजार २ सय २२ र उपविजेताले १ लाख १ हजार १ सय ११ प्राप्त गर्नेछ । प्रतियोगितामा पिप्ले युवा क्लबको सहआयोजना र रोटऱ्याक्ट क्लब अफ मकवानपुरको सहकार्य छ ।

# अखिल क्रान्तिकारीको प्रदेश मुख्यसचिवमा शिवाकोटीको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ अखिल क्रान्तिकारी बागमती प्रदेश कमिटीको मुख्यसचिव पदमा मकवानपुरका विद्यार्थी नेता रामकृष्ण शिवाकोटीले उम्मेदवारी घोषणा गरेका छन् ।

३० भदौदेखि काठमाडौंमा सुरु भएको प्रदेश सम्मेलनले ११ जना पदाधिकारी सहित ७५ सदस्यीय बागमती प्रदेश कमिटीको चयन गरी सोमबार सम्पन्न हुनेछ । अखिल क्रान्तिकारी बागमती प्रदेश कमिटीको मुख्य सचिवपदमा उम्मेदवारी घोषणा गरेको शिवाकोटीले बताए ।



२०६९ सालदेखि विद्यार्थी संगठनमा सक्रिय रहेका उनले संगठनले उचित जिम्मेवारी दिए राम्रो काम गर्ने विश्वास व्यक्त गर्छन् ।

२०७४ सालमा अखिल क्रान्तिकारी मकवानपुर बहुमुखी क्याम्पसको क्याम्पस समितिको संयोजकको जिम्मेवारी सम्हालेका उनले २०७५ सालबाट अध्यक्षको भूमिका काम गरे । २०७९ सालमा उनले अखिल क्रान्तिकारी बागमती प्रदेश कमिटी सचिवको जिम्मेवारी पाएर अबको अधिवेशनमा उनी प्रमुखसचिवको दाबेदार बने । शैक्षिक सुधारलाई प्राथमिकता दिँदै, राज्यका सम्बन्धित निकायसँग समन्वय गर्दै सुधारात्मक कदम अगाडि बढाउन आफू दृढ रहेको उनले सुनाए ।

# रातोमाटेबाट लागूऔषधसहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे स्थित पूर्व-पश्चिम सडकखण्डबाट आइतबार बिहान लागूऔषधसहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धादिङको धार्के गाउँपालिका-४ बस्ने ३४ वर्षीय जीबन मगर र सोही गाउँपालिका-६ महादेबबेशी बस्ने ३० वर्षीय प्रदीप क्षेत्री रहेका छन् ।

उनीहरुलाई प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीले अवैध लागूऔषध गाँजा २ सय २३ किलोग्रामसहित पक्राउ गरेको हो ।

प्रहरीका अनुसार, हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा.२१ च ५२२६ नम्बरको पिकअपलाई रोकी चेकजाँच गर्ने क्रममा यो परिमाणको गाँजा फेला पारी उनीहरुलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका जीबन पिकअप गाडीका चालक हुन् भने प्रदीप गाडीमा सवार व्यक्ति हुन । घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको जनाएको छ ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घट्यो



साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/नेपाल आयल निगमले डिजल, पेट्रोल र मट्टितेलको मूल्य घटाएको छ । आइतबार साँझ बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ र मट्टितेल तथा डिजेलमा प्रतिलिटर ५ रुपैयाँ मूल्य घटाएको हो ।

यो मूल्य आइतबार मध्यराति १२ बजेदेखि लागू हुनेछ । मूल्य घटेपछि चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १५६ रुपैयाँ र डिजेल तथा मट्टितेल प्रतिलिटर १४६ कायम भएको छ ।

त्यस्तै सुर्खेत र दाङ क्षेत्रमा पेट्रोलको मूल्य लिटरको १५८ रुपैयाँ र डिजेल तथा मट्टितेल १४८ रुपैयाँ पर्नेछ । काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १५९ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर १४९ कायम भएको छ ।

# मकवानपुरमा पुरुष भेट्रान्स भलिबल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ मकवानपुरमा पहिलोपटक मकवानपुर भेट्रान्स पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान हेटौंडा तथा छहारी युवासेवा समाज हेटौंडाको आयोजनामा आगामी असोज ३, ४ र ५ गते भेट्रान्स भलिबल प्रतियोगिता हुन लागेको हो ।

तुलसीमेहर मेमोरियल आवासीय माविको मुख्य प्रायोजनमा हुने प्रतियोगितामा मकवानपुर जिल्लालाई बिगत १ वर्षदेखि कर्मथलो बनाई आर्मी, प्रहरी र सशस्त्र प्रहरी संगठन बाहेकका विभिन्न संघसंस्थामा कार्यरत ४० वर्ष पूरा भएका बाहिरी जिल्लाका कर्मचारीले पनि सहभागिता जनाउन पाउनेछन् ।

खेल अझै स्तरीय बनाउन एउटा टिममा २ जना ३५ वर्ष पूरा भएका खेलाडी पनि समावेश गराउन पाउने नियम बनाइएको ३५ वर्षमाथिका खेलाडी भने मकवानपुरकै हुनुपर्ने बताइएको छ ।

प्रत्येक टिममा १० जना खेलाडीका साथ १, १ जना टिम प्रशिक्षक र टिम मेनेजर गरी जम्मा १२ जना हुनुपर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम हुने टिमले नगद ३० हजार र द्वितीय टिम १५ हजारका साथै शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । उत्कृष्ट बिधालाई पनि नगद तथा ट्रफीले सम्मान गरिने छ । ३ दिनसम्म चल्ने प्रतियोगिता संचालन गर्नको निम्ति करिब १ लाख पचास हजार लाग्ने अनुमान गरिएको प्रायोजक तुलसीमेहर मेमोरियल आवासीय माविका प्राचार्य रघुनाथ खरालले बताए । करिब १० टिमको सहभागिता हुने अनुमान गरिएको आयोजक टिमका पुष्पराज मैनालीले बताए ।

# म्यानेजमेन्टमा बास्केटबल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ हेटौंडा-४ मा रहेको हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्ससमा बास्केटबल प्रतियोगिता सुरु भएको छ । आइतबार भएको उद्घाटन खेलमा बिसिए संकाय विजयी भएको छ ।

एचएम संकायलाई ४०-१९ को अंकले पराजित गर्दै बिसिएले विजय हासिल गरेको हो । बुधबार सम्म सञ्चालन हुने प्रतियोगितामा ८ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको समूह ए मा बिसिए, १२ कमर्स र एचएमको समूह रहेका छन् भने समूह बी मा बिआइएम, साइन्स र ११ कमर्स रहेका छन् । प्रत्येक समूहबाट शिर्ष टिमहरु फाइनलमा प्रवेश गर्नेछन् ।

प्रतियोगिताको विजेताले नगद ७ हजार रुपैयाँ र उपविजेताले नगद ५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । क्याम्पसका भाइस प्रिन्सिपल राम पण्डित खनालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समिति प्लस टुका अध्यक्ष ऋषिराम पोखरेलको प्रमुख आतिथ्यता रहेको थियो ।


## हार्दिक आमन्त्रण



स्व. शान्तिदेवी उपाध्याय

मेरी पत्नी तथा हाम्रा प्रातःस्मरणीय ममतामयी माता **शान्तिदेवी उपाध्याय**को मिति २०८१-५-२० गतेका दिन भएको असामयिक निधनको १३ औं पुण्यतिथिको कार्यक्रम तपसिलको मिति, समय र स्थानमा हुने भएकोले उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**

मिति : २०८१-५-३१

स्थान : निजी निवास (हेटौंडा-४, भुवनसिंह पथ, फुटसल नजिकै)

समय : ३.०० बजे

**पति** : हरिप्रसाद उपाध्याय

**छोराहरू**: शंकर उपाध्यय, माधव उपाध्यय, यादव उपाध्यय

अमर लामा (अध्यक्ष) एवम्

**सामाजिक सेवा समिति परिवार**

हेटौंडा, मकवानपुर



HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१०२०००१९४९ | लक्ष्मीमाया पुडासैनी | हेटौंडा-०८, मकवानपुर |
| २ | PLI१५७०००४९८७ | मन कुमारी गोले | इन्द्रसरोवर-०१, मकवानपुर |



## पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्यांकी समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



## असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी | मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४० | पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना